यो स्थान विज्ञापनको लागि खाली छ।

# त्रिशूली प्रवाह
साप्ताहिक




वर्ष २७ अंक २२ १ असोज २०८३ (17 September, 2026) बिहीबार Website: www.trishuliprawaha.com.np पृष्ठ ६ मूल्य रु.१०/-

# भोटेकोशीले २४ पुल बगाउँदा त्रिशूली वारपारमा समस्या

## रसुवा-नुवाकोट-धादिङको सदरमुकाम र बजारसँगको सम्पर्क विच्छेद

**विदुर ।** चीनको ल्हेन्दे खोलाबाट भोटेकोशी हुँदै त्रिशूली नदीमा गत भदौ १० गते आएको महाप्रलयकारी हिमबाढीले रसुवा-नुवाकोट-धादिङका २४ वटा पक्की मोटरेबल पुल पूर्ण रूपमा क्षति भएपछि तीन जिल्लाका बासिन्दाको दैनिकी कष्टकर बनेको छ। विध्वंसकारी बाढीपछि त्रिशूली वारि र पारिको सम्पर्क टुटेको छ।

रसुवाको टिमुरेदेखि उत्तरगया गाउँपालिकाको वेत्रावतीसम्म त्रिशूली नदी वारपार गर्ने कुनै माध्यम नहुँदा त्रिशूलीपारिका बासिन्दाको सदरमुकाम र बजारसम्म सम्पर्क विच्छेद भएको रसुवा नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङले बताउनुभयो। जिल्लाको त्रिशूलीपारिका डाँडागाउँ, ठुलोगाउँ, मैलुङ, हाँकु, चिलिमे, थुमन, स्याफ्रु, पार्वतीकुण्ड, गोल्जुङ, गत्लाङ गाउँवासीको बाढीपछि जनजीवन कष्टकर बनेको छ। उक्त क्षेत्रमा उत्पादित दुध, आलुलगायत तरकारी बिक्रीमा समस्या भइरहेको छ भने खाद्यान्न उत्पादन न्यून हुने गरेको छ। त्यस क्षेत्रका अधिकांश बासिन्दाले बाहिरबाट खाद्यान्न खरिद गरेर लैजान्थे।

बाढीले उक्त क्षेत्रमा जाने सबै पुल बगाइदिएपछि खाद्यान्न लान नसक्दा भोकमरी हुन सक्ने अवस्था रहेकाले सरकारलाई छिट्टै ध्यान दिन आग्रहसमेत रसुवा नागरिक समाज रसुवाका अध्यक्ष तामाङले गर्नुभयो। सरकारले वेत्रावती र स्याफ्रुबेँसीमा एक्रो ब्रिज हाल्ने तयारी गरेर बाढीले क्षति पुऱ्याएको सडक मर्मत थालेको छ। नुवाकोटबाट फलाँखु खोलाको पुल तरेर ग्रामीण सडक नौकुण्ठ हुँदै धुन्चेसम्म हल्का र कम वजन बोक्ने सवारीसाधन दुःख-कष्ट गर्दै पुगिरहेका छन्। बाढीपछि राहत सामग्री नौकुण्ड सडकमार्ग हुँदै साना सवारीसाधनले र हेलिकोप्टरले पुऱ्याएको थियो।



महाप्रलयकारी बाढीले नुवाकोट जिल्लाभित्रका त्रिशूली नदीमाथि बनेका मोटरेबल पुल र झोलुङ्गे पुल सबै बगाएपछि सदरमुकाम र त्रिशूली पारिपट्टिको सम्पर्क विच्छेद भएको छ। पुल नभएको कारण वारिपारि आवतजावत गर्न समस्या भएकाले त्रिशूली पारिपट्टिका बासिन्दाको जनजीवन कष्टकर बनेको छ। सदरमुकामसँगको सम्पर्क टुटेको छ। झन्डै डेढ हप्तापछि विदुरको देवीघाटमा एकवटा, सिमुटारको इन्द्रायणी चौरमा दुईवटा र विदुर- ४ को सिमचौर-विदुर- १२ को गौरीबेँसीमा एकवटा तुइन जडान भएपछि त्यस क्षेत्रका बासिन्दालाई सदरमुकाम र बजार आवतजावत गर्न केही सहज भएको छ। सरकारको स्वीकृति लिएर नेपाल निर्माण व्यवसायी महासङ्घले विदुर- १, दुङ्गेको बुद्ध मन्दिर र त्रिशूली- १ को इन्टेकमुनि कटहर बोटसँगै झोलुङ्गे पुल निर्माण गर्न थालिसकेको छ। सरकारले त्रिशूलीबजार जोड्न ह्युमपाइप राखेर त्रिशूली नदीमा अस्थायी पुल बनाउने कार्य सुरु गरेको छ। दसैंभित्र दुवै पुल निर्माण भएर सञ्चालन हुने जानकारी जिल्ला प्रशासन कार्यालयले दिएको छ।

... बाँकी ५ पेजमा

# भदौ : पोहोरको 'खरानी' र यस वर्षको 'बालुवा'



❑ रामचन्द्र भट्ट

नेपालका लागि 'भदौ' महिना अचेल केवल एउटा महिना मात्र रहेन, यो त राज्यको असफलता, लाचारी र नेतृत्वको संवेदनहीनतालाई नाङ्गै पार्ने एउटा वार्षिक ऐना बनेको छ। पोहोर भदौमा आक्रोश र असन्तोषको ज्वालामा देश जल्यो, सरकारी तथा निजी सम्पत्ति खरानी भए। ठिक एक वर्षपछि, यो भदौमा प्रकृति जुर्मुरायो र भोटेकोशीको लेदोसहितको भीषण हिमबाढीले हजारौं नागरिक निल्यो, खर्बौंको पूर्वाधार सोहोरेर बालुवाको बगर बनाइदियो।

पोहोर मानवनिर्मित विध्वंस थियो भने यो भदौमा प्राकृतिक प्रकोप। तर, दुवै विनाशको पछाडि उभिएको साझा कारक हो- सिंहदरबारको अक्षमता, पूर्वतयारीको शून्य अवस्था र गैरजिम्मेवार राजनीतिक नेतृत्व। पोहोर भदौमा आक्रोश, अराजकता अनि असन्तोषको ज्वालामा देश जल्यो, सरकारी तथा निजी सम्पत्ति खरानी भए। मुलुकको प्रशासनिक केन्द्र सिंहदरबार, न्यायिक केन्द्र सर्वोच्च अदालत, सर्वोच्च

... बाँकी ५ पेजमा


## स्वास्थ्य सेवा सम्बन्धी जानकारी

| | |
|---|---|
| डा. प्रमिला थापा<br>NMC No : 29584<br>MBBS (Dhaka University)<br>जनरल फिजिसियन<br>प्रत्येक दिन | डा. कमल गौतम<br>NMC No : 9150<br>MBBS (KU), MD (TU)<br>मानसिक नसा तथा मनोरोग विशेषज्ञ<br>पहिलो शनिबार |
| डा. प्रभाकर पराजुली<br>NMC No : 18993<br>MD Orthepedic<br>वरिष्ठ हाडजोर्नी तथा नसारोग विशेषज्ञ<br>(पाटन अस्पताल)<br>दोश्रो शनिबार | डा. अजय शाह<br>NMC No : 21527<br>MD Internal Medicine<br>सुगर, प्रेसर, थाइराइड, दम, पेटरोग विशेषज्ञ<br>(केएमसी अस्पताल) |
| डा.सञ्जय सिंह के.सी.<br>NMC No : 10634<br>MD (Cardiologist)<br>मुटुरोग विशेषज्ञ<br>तेश्रो शनिबार | डा. सरोज सेढाई<br>वरिष्ठ छाला तथा यौनरोग विशेषज्ञ<br>MD (Dermatology & Venerology) |
| डा.चुनुमिला महर्जन<br>NMC No : 9886<br>प्रसुती तथा स्त्रीरोग विशेषज्ञ<br>बाँझोपनरोग विशेषज्ञ<br>चौथों शनिबार | डा. राजन गोबिन्द मुल्मी<br>NMC No : 14059<br>नाक,कान,घाँटीरोग विशेषज्ञ<br>(विर अस्पताल) |
| डा.विश्वनाथ अधिकारी<br>NMC No : 14224<br>बालरोग विशेषज्ञ<br>(कान्तीबाल अस्पताल)<br>चौथों शनिबार | सापकोटा पोलिक्लिनिक प्रा.लि.<br>सापकोटा मेडिकल हल<br>विदुर-२, बट्टार, नुवाकोट<br>सम्पर्क : ०१०-५६०१३९ |


# समाजकल्याण परिषद्को नियमविपरीत 'प १ नं' मा 'देशी-विदेशी गैसस जातीय/धार्मिक उद्देश्यले प्रेरित'

❑ मुस्कान खत्री

**विदुर ।** गत भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको विध्वंसकारी हिमसुनामीपछि खोज, उद्धार र राहत वितरणमा सहयोग गर्ने नाममा देशी-विदेशी गैरसरकारी संस्था (एनजिओ/आइएनजिओ) समाजकल्याण परिषद्को नियमविपरीत पश्चिम १ नम्बरका प्रभावित क्षेत्रमा सक्रिय भएका छन्। विपत्तिको मौका छोपी सहयोगी बन्न आएका संस्थाप्रति परिषद्को नियमअनुसार स्थानीय सङ्घसंस्थासँग साझेदारी नगरी काम गरिरहेकाले विरोध भइरहेको छ। जिल्लामा काम गर्दा विदेशी संस्थाले परिषद् र सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर स्थानीय साझेदारी संस्थालाई साझेदारी बनाई काम गर्नुपर्ने नियमलाई धोती लगाइरहेका छन्। अहिले बाहिरी जिल्लाका एनजिओलाई अघि लगाएर आइएनजिओहरूले करोडौं रकम नुवाकोट, रसुवा र धादिङका लागि उद्देश्य र आवश्यकताविपरीत खर्च गरिरहेका छन्।

रसुवा, नुवाकोट र धादिङ जिल्लामा हाल सक्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजिओ) युनिसेफ, क्याथोलिक रिलिफ सर्भिसेज (सिएआरएस), कारितास नेपाल, डब्लुएचएच जर्मनी, आरआरएन काठमाडौं, सोसेक दैलेख, किर्डाक कर्णाली, बागमती वेलफेयर सोसाइटी सर्लाही, प्लान इन्टरनेसनल/वर्ल्ड भिजन इन्टर नेसनले परिषद्का नियमकानुनको उल्लङ्घन गरी काम गरिरहेका छन्।

परिषद्का नियम तया ऐनमा आइएनजिओले नेपालमा काम गर्दा साझेदार नेपाली गैरसरकारी संस्था लिँदा स्थानीय साझेदार लिनुपर्ने र सो नगरी परिषद्को नियमविपरीत तीन जिल्लामा सिएआरएसको सहयोगमा कारितास नेपाल, डब्लुएचएचको सहयोगमा आरआरएन नेपाल, एसओएसइसी नेपाल, किर्डाक बागमती वेलफेयर सोसाइटीले नियमकानुनको उल्लङ्घन गरिरहेको नुवाकोटका गैरसरकारी संस्थाले परिषद्मा जानकारी गराएका छन्।

विपत्तिको मौका छोपी सहयोग गर्ने उद्देश्य भनिए पनि भित्री योजना उनीहरूको पवित्र नदेखिएको तर्क एक संस्थाले 'त्रिशूली प्रवाह' साप्ताहिकसँग दिएको छ। ती संस्थाले प्रभावित क्षेत्रमा आवश्यकताका आधारमा भन्दा पनि जातीय र धार्मिक आधार बनाएर सहयोग गरिरहेकोसमेत समाचार स्रोतले जिकिर गरेको छ।

यसलाई रोक्न परिषद्ले चासो नदेखाएको पनि स्थानीय एनजिओले आरोप लगाएको छ। दुईतिहाइनजिकको सरकार हुँदा पनि विदेशीसङ्घसंस्थाकोसहयोगकानाममा हस्तक्षेप सहनु कत्तिको जायज होला भनी स्थानीय सङ्घसंस्थाले सरकारलाई प्रश्न गरेका छन्।

# बाढीपीडित परिवारलाई मासिक रु. १५ हजार आवास खर्च

**विदुर ।** सरकारले गत भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको हिमबाढीबाट प्रभावित परिवारलाई स्थायी आवास निर्माण नभएसम्म मासिक रु. १५ हजारसम्म आवास तथा आवश्यक खर्च उपलब्ध गराउने भएको छ। मन्त्रिपरिषद्ले चारजनासम्मको परिवारलाई मासिक रु. १५ हजार र चारजनाभन्दा बढी सदस्य भएका परिवारलाई थप प्रत्येक सदस्यबापत रु. दुई हजार उपलब्ध गराउने निर्णय गरेको हो।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले आवास खर्च दिने निर्णय गरेको सामाजिक सञ्जालमार्फत आइतबार जानकारी दिनुभएको हो। उहाँका अनुसार सरकारले उपलब्ध गराउने आर्थिक सहायता लिन नचाहने परिवारका लागि स्थायी आवास निर्माण नभएसम्म अस्थायी आवासको व्यवस्था गर्ने विकल्पसमेत सरकारले अघि सारेको छ। यसका लागि

... बाँकी ५ पेजमा


# निर्माणाधीन गल्छी-रसुवागढी सडक बाढीले ध्वस्त

## निर्माण र सञ्चालन अन्योल

❑ ज्ञानेन्द्र न्यौपाने

**विदुर ।** नेपाल-चीन जोड्ने निर्माणाधीन गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक योजना गत भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी-त्रिशूली नदीको हिमबाढीले ध्वस्त भएको छ। यो आयोजनाको निर्माण सम्पन्न भएको ५५ किलोमिटर सडक ध्वस्त बनाएपछि थप निर्माण अन्योल भएको छ।

वि.सं. २०७२/०७३ मा राष्ट्रिय गौरवको योजनामा समावेश भएर बढो कष्टका साथ निर्माण भइरहेको सडकको गल्छी-वेत्रावती खण्डमा जमेको लेदो पन्छाएर नयाँ ट्र्याक खोल्ने कार्य तीव्र रूपले अगाडि बढिरहेको छभने देवीघाट-गल्छीखण्डमा जमेको लेदो पन्छाएर सडक सञ्चालन गरिएको गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक योजना कार्यालयका प्रमुख कृष्णनाथ ओझाले बताउनुभयो। बाढीले नेपाल-चीन जोड्ने छोटो दूरीको पृथ्वी राजमार्गको गल्छीदेखि रसुवागढी सडकको ५५ किलोमिटर सडक



निर्माण भई सञ्चालनमा रहेको दुङ्गो-वेत्रावती खण्ड बाढीपछि भैसेबजार क्षेत्रको सडक

पूर्ण रूपमा क्षति भएको छ। सडक विभागका सहायक प्रवक्ता इन्जिनियर शुभाञ्जन दाहालका अनुसार ५५ किलोमिटर सडकमध्ये रसुवा जिल्लामा ४६ किलोमिटर र नौ किलोमिटर नुवाकोट जिल्लामा क्षतिग्रस्त छ। वि.सं. २०७२ मा नेपालले भारत सरकारको इच्छाविपरीत संविधान जारी गरेको झोकमा भारतले नाकाबन्दी गरेको थियो। भारतीय नाकाबन्दीसँगै नेपाल र चीनबिच रसुवागढी केरुङबाट हुने आर्थिक गतिविधि तथा व्यापारिक कारोबारलाई छिटो, छरितो र सहज तुल्याउने उद्देश्यले सडक निर्माण सुरु गरिएकोथियो।जम्माकुल८२किलोमिटर दूरीको सडक हालसम्म ५० प्रतिशत पनि निर्माण पूरा भएको छैन। पहिलो खण्ड गल्छी-

... बाँकी ५ पेजमा

# आँसु थाम्दै बगरमा खोजतलास

**विदुर ।** गत भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको हिमबाढीबाट बगरमा परिणत नुवाकोटका देवीघाट, दुङ्गे, त्रिशूली, वेत्रावती बजारका बासिन्दा आँसु थाम्दै गेग्रानले पुरिएका घरभित्र बचेखुचेका सम्पत्ति खोज्न थालेका छन्। बाढीले ती क्षेत्रका अधिकांश घर बगाएको छ। हिलोले पुरे पनि बग्नबाट बचेका घर सुरक्षाकर्मीको सहयोग लिएर स्थानीयले खोतल्न थालेका हुन्।

नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले स्थानीय वडाको रोहवरमा घरधनी र सुरक्षाकर्मीले घर खोतल्ने कार्य जारी राखेका जानकारी दिनुभयो। 'हामीले पहिलो चरणमा उद्धार र राहतलाई प्राथमिकता दिएर काम गरेका छौं। त्यसपछि खानेपानी, बिजुली, टेलिफोन, तुइन र बेलिब्रिज बनाएर 'रोड कनेक्टिभिटी' जोड्ने प्रयास गरेका छौं। उद्धार गरेकालाई 'होल्डिङ सेन्टर' मा राखेका छौं,' उहाँले भन्नुभयो, 'अहिले तीन-चार दिनदेखि वडाको रोहवरमा घरधनी, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीको सहायताले घर उत्खनन गरेर बचेखुचेको सम्पत्ति र शव छन् कि भनेर खोजीकार्य जारी राखिएको छ। बाढीले चार तलासम्म घर पुरेको पाइएकाले कति



दिनमा कसरी खोजी कार्य सकिन्छ, भन्न सकिने अवस्था छैन।' दुङ्गे बजारका पूर्ण श्रेष्ठले मनमा पीडा र आँखामा आँसु लिएर भए पनि केही बचेको छ कि भनेर खोज्न थालेको बताउनुभयो। दुङ्गेका अर्का व्यवसायी रामहरि रिजालले दुई तलासम्म पुरिएको घरमा डोजरको सहायताले उत्खनन गर्दै तल्लो तलामा राखिएको चामल, दाल, चिनी सबै बगाएर हिलो भरिएपछि सफाइ गर्न लागेको बताउनुभयो। दुङ्गे बजारकै खाद्य किराना व्यवसायी राजु गुप्ता पनि आफ्नो तीन तलाको घर बगाएपछि साथीभाइको सहयोग लिएर आफैं खोतलेर बचेका सामान सफा गर्दै हुनुहुन्थ्यो। 'सबै सामान बगाएर लगे पनि केही सामान भेटिन्छ कि भनेर खोजिरहेको छु,' उहाँले बताउनुभयो।

विदुर- ५, देवीघाटका रामशरण वस्तीले चार तलाको घर बाढीले नबगाए पनि बाढी दोस्रो

... बाँकी ५ पेजमा

# आठ स्थानमा अस्थायी आवास बनाउन प्रस्ताव
## पुनर्स्थापनाका लागि नेविप्राको जग्गा माग

**विदुर ।** गत भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको हिमबाढीका बाढी प्रभावित विदुरका बासिन्दालाई अस्थायी वासस्थान बनाउन विदुर नगरपालिकाले सङ्घ सरकारसमक्ष आठ स्थान प्रस्ताव गरेको छ । प्रधानमन्त्री बालेन्द्र शाहले सोमबार बाढी प्रभावित क्षेत्रका स्थानीय सरकारका प्रमुखसँगको छलफलमा विदुर नगरपालिकाले बाढी प्रभावित क्षेत्रको पुनर्स्थापना तथा पुनर्निर्माणको विस्तृत योजना समेटिएको प्रस्ताव प्रधानमन्त्रीसमक्ष पेस गरेको थियो।

नगरप्रमुख राजनलाल श्रेष्ठले पेस गरेको प्रस्ताव प्रधानमन्त्रीले स्वीकार गर्दै सङ्घ सरकारले सोहीअनुसार रणनीति बनाउने आश्वासन दिनुभएको छ। विदुरले अस्थायी वासस्थानका लागि विदुर-१० अन्तर्गत वेत्रावती क्षेत्रका लागि सुहाराडाँडा प्रस्ताव गरेको छ। विदुर- ७ अन्तर्गत तुप्चे/सोले/अक्करे/छिपिटार क्षेत्रका लागि भित्रिनीटार र नेपाल विद्युत् प्राधिकरणको जग्गा प्रस्ताव गरिएको छ। विदुर- १०, भैँसे क्षेत्रका लागि कान्ले सेरोफेरो प्रस्ताव गरिएको छ। विदुर- १० एक नम्बर पुल क्षेत्रका लागि गेर्खुटार वडा कार्यालय क्षेत्रमा प्रस्ताव गरिएको छ। विदुर- ९ अन्तर्गत सिलट्याङ्की र बिजुराका लागि राहुलटारमा अस्थायी वासस्थान बनाउन प्रस्ताव गरिएको छ।

विदुर- १ अन्तर्गत त्रिशूली/ढुङ्गे क्षेत्रका लागि नेपाल विद्युत् प्राधिकरणको जग्गा कोलनी प्रस्ताव गरिएको छ । विदुर- ४ अन्तर्गत सिमचौर बस्तीलाई विदुर- २ को धापखेत क्षेत्रमा प्रस्ताव गरिएको छ । विदुर- ५, देवीघाटलाई चन्द्रज्योति मावि र आयुर्वेद भवनमा अस्थायी वासस्थान बनाउने गरी प्रस्ताव गरिएको छ। नगरप्रमुख श्रेष्ठले आँगपुटार, गेर्खुटार, मिलन चौतारा, गुम्बाडाँडा, बान्द्रे, बट्टार र हसिनटारमा तत्काल कटान नियन्त्रण गर्नुपर्ने आवश्यकता देखिएकोसमेत प्रधानमन्त्रीलाई जानकारी गराउनुभएको छ।

नगरप्रमुख श्रेष्ठले विनाशकारी बाढीले क्षति पुगेको हरेक वडामा पुनर्वासको व्यवस्थापन गर्न प्रस्ताव गरेको 'त्रिशूली प्रवाह' साप्ताहिकलाई बताउनुभयो । एक वडा एक पुनर्वास स्मार्ट सिटीको अवधारणाअनुसार सुरक्षित आवासको व्यवस्था गर्नसमेत विदुरले प्रस्ताव गरेको छ। बाढी प्रभावित नदी बहाब क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन गरी जोखिम क्षेत्रबाट सुरक्षित क्षेत्रमा जग्गा सट्टापट्टाको कानुनी प्रावधान ल्याउनसमेत नगरपालिकाले सङ्घीय सरकारसमक्ष प्रस्ताव गरेको छ। यसका लागि कित्ता नं. ६०३ को वन रहेको ११५८ रोपनी जग्गा प्रस्ताव गरिएको छ । अन्य वडाको हकमा प्रभावित नागरिकलाई स्थानान्तरण गर्न आवश्यक जग्गा प्राप्तिसहित हरेक वडामा स्मार्ट सिटी निर्माण गरी सुरक्षित पुनर्वास निर्माण गर्न नगरपालिकाले प्रस्ताव गरेको छ । हरेक वडाबाट वडास्तरीय प्रस्ताव बनाएर पछि पेस गरिने जानकारी प्रधानमन्त्रीसमक्ष गरिएको छ।

बाढीमा परी विदुरका तीन सय ९७ जनाको मृत्यु तथा बेपत्ता भएका छन् । बाढीबाट प्रभावित कुल तीन हजार दुई सय व्यक्तिको उद्धार गरिएको, कुल एक हजार सात सय ५० वटा घरमा क्षति भएको विवरण विदुरले सार्वजनिक गरेको छ । एक हजार एक सय ६० हेक्टर जमिनमा क्षति भएको छ। रु. तीन अर्ब ५० करोडबराबरको उद्योगमा क्षति भएको नगरपालिकाको अनुमान छ। नगर पालिकामा मात्र २० वटा होल्डिङ सेन्टर सञ्चालन गरेर प्रभावितलाई खाने, बस्ने अस्थायी व्यवस्थापन गरिएको छ।

# शिवपुरी कलेजले बाढी प्रभावित विद्यार्थीलाई स्नातकमा निःशुल्क पढाउने

**काठमाडौँ ।** गत भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको विध्वंसकारी हिमबाढीबाट प्रभावित रसुवा, नुवाकोट र धादिङका विद्यार्थीलाई शिवपुरी कलेज महाराजगन्जले स्नातक तहमा अध्ययन गर्नेलाई पूरै चार वर्षका लागि निःशुल्क पढाउने भएको छ।

कलेजका प्रमुख दिवाकर दूरदर्शीका अनुसार स्नातक तह बिबिएसमा भर्ना भई अध्ययन गर्न चाहने विद्यार्थीका लागि १० कोटा छुट्याइएको छ। त्रिभुवन विश्वविद्यालयको सम्बन्धन रहेको शिवपुरी कलेज समुदायद्वारा सञ्चालित हो। प्रभावित रसुवा, नुवाकोट र धादिङ जिल्लाका महाप्रलयकारी बाढीबाट परिवार गुमाएका र प्रभावित विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि सामाजिक उत्तरदायित्वअन्तर्गत १० विद्यार्थीलाई निःशुल्क अध्ययन व्यवस्था मिलाइएको कलेजले जनाएको छ । अध्ययनसम्बन्धी थप जानकारीका लागि क्याम्पस प्रमुख दूरदर्शीको मोबाइल नम्बर ९८४१२५४४४० मा सम्पर्क गर्न आग्रहसमेत गरिएको छ।


## मानिस बेपत्ता/ हराएको सूचना

नुजि साबिक राउतबेँसी गाविस- ९, हाल दुप्चेश्वर गाउँपालिका-६, करेजुङ बस्ने घ्याल दोर्जे तामाङको नाति पच्याङथान तामाङको छोरा अन्दाजी वर्ष ८३ को सानु लाक्पा तामाङ मिति २०२९ चैत १२ गतेदेखि माथि उल्लेखित करेजुङस्थित घरबाट रोजगारीको सिलसिलामा भारत उत्तराखण्ड जाने भनी निस्की हिँडेकोमा हालसम्म फर्की नआएको हुँदा उहाँलाई देख्नुहुने वा उहाँको अवस्थाबारे कुनै जानकारी प्राप्त गर्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित सम्पर्क नम्बरमा जानकारी गराइदिनहुन हार्दिक अनुरोध गरिन्छ।

**सम्पर्क व्यक्तिको नाम : मानबहादुर तामाङ**
**सम्पर्क नम्बर : ९८५१३४०७०३**
नजिकको प्रहरी कार्यालय :
**प्रहरी चौकी समुन्द्रटार, नुवाकोट**


# देवीघाटमा सुरक्षित बस्ती विकासको खाँचो

### पाठकपत्र

भोटेकोशीमा आएको विनाशकारी बाढीले नुवाकोटको विदुर- ३, देवीघाटलगायत आसपासका क्षेत्रमा पुऱ्याएको क्षति हामी स्थानीय बासिन्दाका लागि कहिल्यै नबिर्सिने पीडादायी घटना बनेको छ । बाढी आएको केही समयसम्म हामीमध्ये धेरैलाई अवस्था यति भयावह बन्छ भन्ने अनुमानसमेत थिएन । तर, आकस्मिक रूपमा आएको ठुलो बाढीले केही समयमै घर, पसल, व्यवसाय, सडक, पुल, खेतबारी तथा विभिन्न भौतिक संरचनामा ठुलो क्षति पुऱ्यायो । धेरै परिवारले वर्षौंको मिहिनेतबाट जोडेको सम्पत्ति गुमाउनुपऱ्यो भने कतिपयको जीविकोपार्जनको आधार नै बाढीमा बग्यो।

देवीघाट केवल एउटा बस्ती वा बजार मात्र होइन, धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय महत्त्व बोकेको क्षेत्र पनि हो । जालपा भगवतीको पवित्र धाम, त्रिशूली नदीको संगम क्षेत्र तथा नेपाल एकीकरणका नायक पृथ्वीनारायण शाहको दाहसंस्कार स्थल एवम् ऐतिहासिक पहिचानका कारण देवीघाटको आफ्नै विशेष महत्त्व छ। तर, यसपटकको बाढीले सबै भौतिक संरचनासँगै स्थानीयको मनोबल र भविष्यप्रतिको चिन्ता थपेको छ । बाढीपछिको पहिलो आवश्यकता राहत र पुनर्स्थापना हो भने त्यसपछि दीर्घकालीन रूपमा 'व्यवस्थित बस्ती विकास' हो । विगतमा नदी किनार तथा जोखिमयुक्त क्षेत्रमा भएका अव्यवस्थित संरचना र कमजोर पूर्वतयारीका कारण विपत्को असर अकल्पनीय व्यहोर्नुपऱ्यो । अब पुरानै शैलीमा बस्ती निर्माण गर्ने कि अहिलेको विपत्तिबाट पाठ सिक्दै 'सुरक्षित, व्यवस्थित र विपत्-प्रतिरोधी बस्ती' विकास गर्ने बहस जरुरी छ । पहिले बाढीबाट क्षति भएका घर तथा संरचनाको वास्तविक क्षतिको वैज्ञानिक मूल्याङ्कन र कुन ठाउँ बसोबासका लागि सुरक्षित छ, कुन क्षेत्र जोखिमयुक्त छ र कहाँ पुनर्निर्माण गर्न मिल्छ प्राविधिक अध्ययन आवश्यक छ । नदीको प्राकृतिक बहाव क्षेत्र र जोखिमयुक्त भूभाग पहिचान गरी भविष्यमा त्यस्ता स्थानमा अनियन्त्रित निर्माण रोक्नुपर्छ।

देवीघाटको 'तटीय क्षेत्रमा दीर्घकालीन तटबन्ध तथा नदी नियन्त्रण योजना' आवश्यक छ। तर, तटबन्ध निर्माण गर्दा तत्कालीन समस्या समाधान हुने गरी मात्र होइन, नदीको प्राकृतिक बहाब, भूगोल र भविष्यमा आउन सक्ने ठुलो बाढीलाई समेत ध्यानमा राखेर वैज्ञानिक डिजाइन गर्नुपर्छ । आवश्यक ठाउँमा बलियो तटबन्ध, ग्याबियन, नदीकिनार संरक्षण तथा हरित क्षेत्र निर्माण गर्न सकिन्छ। त्यसैगरी, 'पूर्वसूचना प्रणाली' स्थापना गर्नु आजको प्रमुख आवश्यकता हो । भोटेकोशी तथा त्रिशूली नदीको जलस्तर मापन गर्ने आधुनिक उपकरण, साइरन, मोबाइल एसएमएस तथा स्थानीय सूचना प्रणाली विकास गरिनुपर्छ । अचानक बाढी आउँदा स्थानीय बासिन्दालाई समयमै सुरक्षित स्थानमा सार्न सकिने गरी प्रत्येक टोलमा 'विपत् व्यवस्थापन समिति र सुरक्षित स्थान' पहिचान गरिनुपर्छ। बाढीपछि सडक तथा पुलको अवस्था पनि गम्भीर विषय बनेको छ। देवीघाटलाई नुवाकोटका अन्य क्षेत्रसँग जोड्ने सडक, पुल तथा वैकल्पिक मार्गलाई सुरक्षित र भरपर्दो बनाउनुपर्छ। आपत्कालीन अवस्थामा एम्बुलेन्स, दमकल, सुरक्षाकर्मी तथा उद्धार टोली सहज रूपमा पुग्न सक्ने आपत्कालीन पहुँच मार्गको व्यवस्था आवश्यक छ।

देवीघाटका अधिकांश परिवारको मुख्य आयस्रोत व्यापार, कृषि र पशुपालन हो। बाढीले पसल, गोदाम, कृषि उत्पादन, पशुधन र व्यावसायिक सामग्रीमा क्षति पुऱ्याएको अवस्थामा केवल घर पुनर्निर्माण गरेर मात्र उहाँहरूको जीवन सामान्य हुँदैन । त्यसैले स्थानीय व्यवसायी र प्रभावित परिवारलाई सहुलियतपूर्ण ऋण, पुनर्कर्जा, ब्याजमा राहत, व्यवसाय पुनर्स्थापना सहयोग तथा आवश्यक अनुदानको व्यवस्था गर्न सम्बन्धित निकायले पहल गर्नुपर्छ । यस क्षेत्रमा बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका प्रभावित ग्राहकको अवस्था पनि संवेदनशील छ। बाढीका कारण व्यवसाय नै बन्द भएको अवस्थामा तत्काल पुरानै किस्ताबन्दीमा ऋण तिर्न कठिन हुन सक्छ । त्यसैले सम्बन्धित बैंक तथा वित्तीय संस्थाले ग्राहकको वास्तविक क्षतिको मूल्याङ्कन गरी प्रत्येक घटनाको आधारमा आवश्यक सहजीकरण गर्न सकेमा पुनः व्यवसाय सञ्चालनमा ठुलो सहयोग पुग्नेछ। त्यस्तै, बाढीले जालपादेवी मन्दिर तथा आसपासको धार्मिक-ऐतिहासिक सम्पदामा पुऱ्याएको क्षतिलाई पनि सामान्य भौतिक क्षतिको रूपमा मात्र हेर्नुहुँदैन। यो देवीघाटको पहिचानसँग जोडिएको सम्पदा हो। पुरातत्त्वविद्, इन्जिनियर तथा सम्बन्धित धार्मिक संस्थाको समन्वयमा यसको संरक्षण तथा पुनर्निर्माण गरिनुपर्छ । जालपा क्षेत्रलाई भविष्यमा धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा अझ व्यवस्थित बनाउन सकिन्छ।

बस्ती विकास गर्दा विद्यालय, स्वास्थ्यचौकी, खानेपानी, सार्वजनिक शौचालय, पार्किङ, बजार व्यवस्थापन, फोहोर व्यवस्थापन तथा खुला स्थानको पनि योजना बनाउनुपर्छ। विपत्को समयमा मानिस जम्मा हुन सक्ने खुला तथा सुरक्षित स्थान हरेक टोलमा हुनुपर्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा देवीघाटको विकास स्थानीय बासिन्दाको सहभागितामा हुनुपर्छ । बाहिरबाट योजना बनाएर मात्र होइन, यहाँका स्थानीयको अनुभव, आवश्यकता र सुझावलाई प्राथमिकतामा राखिनुपर्छ । बाढीबाट प्रभावित परिवार, स्थानीय जनप्रतिनिधि, व्यवसायी, नागरिक समाज, युवा, महिला समूह तथा सम्बन्धित सरकारी निकायबिच समन्वय गरी दीर्घकालीन विकास योजना बनाउन आवश्यक छ। आज हामीले भोगेको पीडा भोलिका पुस्ताले फेरि भोग्नु नपरोस् भन्ने नै हाम्रो मुख्य उद्देश्य हुनुपर्छ। प्राकृतिक विपत्ति पूर्ण रूपमा रोक्न नसकिए पनि 'क्षति न्यूनीकरण र पूर्वतयारी' भने गर्न सकिन्छ । त्यसैले अहिलेको बाढीलाई केवल राहत र क्षतिको घटनाका रूपमा नहेरी 'देवीघाटको नयाँ र सुरक्षित विकासको अवसर'का रूपमा लिनुपर्छ। सरकारका तीनै तह- सङ्घ, प्रदेश र स्थानीय तहबिच प्रभावकारी समन्वय गरेर विशेष देवीघाट पुनर्निर्माण तथा बस्ती विकास योजना आवश्यक छ । जोखिमयुक्त क्षेत्रको अध्ययन, सुरक्षित आवास, तटबन्ध, सडक तथा पुल, खानेपानी, विद्युत्, सम्पदा संरक्षण, व्यवसाय पुनर्स्थापना र विपत् पूर्वतयारीलाई एउटै योजनामा समेटिनुपर्छ।

अन्त्यमा, भोटेकोशी बाढीले दिएको पीडा हामी कहिल्यै बिर्सन सक्दैनौँ। तर, यो पीडाबाट सिकेर अब 'पहिलेभन्दा सुरक्षित, पहिलेभन्दा व्यवस्थित र पहिलेभन्दा सुन्दर देवीघाट' बनाउने सङ्कल्प गर्न सकिन्छ । हामी स्थानीय बासिन्दा सरकार, जनप्रतिनिधि, राजनीतिक दल, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था र सम्पूर्ण नागरिक समाजसँग यही अपेक्षा राख्छौँ। देवीघाटलाई राहत पर्खिरहेको बस्ती मात्र होइन, विपत् प्रतिरोधी, व्यवस्थित र समृद्ध बस्तीका रूपमा विकास गरौँ ।

*(दिनेश अधिकारी, विदुर- ३, माझगाउँ, देवीघाट)*


# नुवाकोट उद्योग वाणिज्य सङ्घ
विदुर, नुवाकोट

## सदस्यता नवीकरण गर्नेसम्बन्धी सूचना

यस सङ्घको बुधबार बसेको बैठकले आगामी पुस ३ गते साधारणसभा र ४ गते निर्वाचन गर्ने निर्णय गरेको हुँदा सम्पूर्ण सदस्यज्यूहरूलाई २०८३ असोज मसान्तभित्र सदस्यता नवीकरण गर्नुहुन सूचित गरिन्छ। लामो समय नवीकरण नगरेका सदस्यज्यूहरूले तीन वर्षको नवीकरण शुल्क बुझाउनुभएमा अरू वर्षको शुल्क छुट हुने निर्णयसमेत भएको व्यहोरा जानकारी गराइन्छ। यस वर्ष नयाँ कार्यसमिति चयन गर्ने भएकाले सदस्यता नवीकरण नगरेका सदस्यज्यूहरूले सभामा भाग लिन र निर्वाचन प्रक्रियामा सहभागी हुन विधानअनुसार नपाउने व्यवस्था रहेकोसमेत जानकारी गराइन्छ।

**उपेन्द्र बुढाथोकी**
*महासचिव*



# भावपूर्ण श्रद्धाञ्जली



यस सङ्घका उपाध्यक्ष, जिल्लाका सफल एवम् प्रतिष्ठित व्यवसायी विदुर- १०, वेत्रावती बजारका **हरिकृष्ण डङ्गोल**को गत भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको हिमबाढीमा परी असामयिक निधन भएको खबरले हामी स्तब्ध भएका छौँ। शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौँ। साथै, दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ।

**राजु बोगटी, अध्यक्ष**
एवम्
**नुवाकोट मदिरा व्यवसायी सङ्घ परिवार**
विदुर, नुवाकोट



*"आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो, इन्द्रै बिन्ती गरून्, झुकेर पदमा त्यो सुन्दैन त्यो"*

# हार्दिक समवेदना



जन्म : २०००/१०/२१
स्वर्गारोहण : २०८३/०५/२६

तत्कालीन नेपाल सुनचाँदी व्यवसायी सङ्घ नुवाकोट शाखाका संस्थापक अध्यक्ष, तेजबहादुर शाक्य एन्ड सन्सका सञ्चालक एवम् सङ्घका सदस्य श्री रञ्जना शाक्यका ससुराबुबा, यस सङ्घका अभिभावक **तेजबहादुर शाक्य**को असामयिक निधनको खबरले हामी दुःखी र स्तब्ध भएका छौँ। उहाँले यस सङ्घको स्थापना, विस्तार र विकासमा गर्नुभएको योगदान सधैँ व्यवसायीको मन-मस्तिष्कमा रहिरहनेछ।
शोकाकुल परिवारजनमा हार्दिक समवेदना तथा स्वर्गीय आत्माको चिरशान्ति र सुखावती भुवनमा बास रहिरहोस्।

**भीमराज बज्राचार्य, अध्यक्ष**
एवम्
**नुवाकोट सुनचाँदी व्यवसायी सङ्घ परिवार**





# भोटेकोशी बाढी प्रभावित क्षेत्रको पुनर्निर्माणमा रु. सात खर्ब २३ अर्ब लाग्ने अनुमान

**धुन्चे ।** रसुवाको भोटेकोशी-त्रिशूली नदीमा गत भदौ १० गते आएको हिमबाढीपछिको पुनर्निर्माणका लागि प्रभावित रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन र तनहुँमा रु. सात खर्बभन्दा बढी स्रोत आवश्यक पर्ने सरकारले अनुमान गरेको छ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसहितको संयुक्त प्राविधिक टोलीले तयार पारेको द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदनअनुसार दुई चरणको पुनर्निर्माणका लागि रु. सात खर्ब २३ अर्ब ३१ करोड ५२ लाख आवश्यक पर्ने अनुमान गरेको हो। यो रकम चालू आर्थिक वर्ष २०८३/०८४ को कुल बजेटको तुलनामा ३४ प्रतिशत हुन आउँछ। पुनर्निर्माणको पहिलो चरणअन्तर्गत आगामी ६ महिनाभित्र तत्काल राहत तथा अल्पकालीन पुनर्निर्माणका लागि रु. आठ अर्ब ७३ करोड ५० लाख लाग्ने अनुमान गरिएको छ। त्यस्तै, दीर्घकालीन पुनर्निर्माणका लागि रु. सात खर्ब १४ अर्ब ५८ करोड दुई लाख खर्च हुने सरकारको अनुमान छ। प्रतिवेदनअनुसार विपत्‌बाट सबैभन्दा धेरै प्रभावित हुनेमा पूर्वाधार क्षेत्र रहेको छ। जसको पुनरुत्थानका लागि रु. चार खर्ब ७३ अर्ब ५७ करोड १९ लाख स्रोत आवश्यक पर्ने अनुमान गरिएको छ। कुल पुनर्निर्माण लागतको तुलनामा पूर्वाधार क्षेत्रको हिस्सा मात्रै ७५ प्रतिशत हुन आउँछ।

बढी प्रभावित पाँच जिल्लाका १५ स्थानीय तहमध्ये नुवाकोटको विदुर नगरपालिकामा मात्रै तीन हजार २६ घरमा क्षति पुगेको अध्ययनले देखाएको छ। त्यस्तै, ४८ वटा सार्वजनिक भवन, १८ वटा विद्यालय, सातवटा स्वास्थ्य संस्था र ३० वटा सांस्कृतिक सम्पदामा क्षति पुगेको प्राधिकरणले जनाएको छ। यस क्षेत्रका लागि मात्रै रु. एक खर्ब तीन अर्ब ५४ करोड ९९ लाख बजेट आवश्यक पर्ने सरकारको अनुमान छ।

व्यापार, व्यवसाय, बैंक र कृषि क्षेत्रसमेत गरी उत्पादन क्षेत्रको पुनरुत्थानका लागि रु. ५० अर्ब ७७ करोड ४९ लाख लाग्ने सरकारको अनुमान छ। यस क्षेत्रअन्तर्गत एक हजार आठ सय ६ हेक्टर कृषिबाली, १७ वटा बैंक शाखा र चार हजार आठ सय व्यापारिक प्रतिष्ठान प्रभावित भएको पाइएको छ।

विपत् जोखिम न्यूनीकरण तथा नदी व्यवस्थापनका लागि थप रु. ९४ अर्ब ७५ करोड ३१ लाख र लेदो तथा भग्नावशेष व्यवस्थापनका लागि रु. ५१ करोड ५४ लाख आवश्यक पर्ने अनुमान पनि प्रतिवेदनमा गरिएको छ। बाढीपछिको पुनर्निर्माणका लागि आवश्यक स्रोत व्यवस्थापन गर्न सरकारले दाता सम्मेलन आयोजना गर्ने, दातृ निकायसँग अनुदान र सहुलियतपूर्ण ऋण लिने, जलवायु न्यायबापतको क्षतिपूर्ति माग गर्नेलगायत विकल्पमा तयारी गरेको छ।

त्यस्तै, तत्काल राहत तथा उद्धारका लागि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा योगदान गर्न सार्वजनिक अनुरोध गरेको छ। कोषमा बिहीबारसम्म रु. १२ अर्ब ६३ करोड ९२ लाख पाँच सय ७९ मौज्दात छ जसमध्ये सरकारले रु. एक अर्ब बाढी प्रभावित क्षेत्रमा राहत तथा उद्धारका लागि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा निकासा गरिसकेको छ।

## बाढीबाट १२ हार्डवेयर व्यवसायमा क्षति, तीन बेपत्ता

**विदुर ।** गत भदौ १० गते भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको महाप्रलयकारी हिमबाढीबाट नुवाकोट जिल्लाका १२ वटा निर्माण सामग्री व्यवसायमा पूर्ण रूपमा क्षति पुगेको छ। सो बाढीमा परी तीनजना व्यवसायी बेपत्ता भएका छन्।

नुवाकोट निर्माण सामग्री व्यवसायी सङ्घका उपाध्यक्ष शैलेन्द्रकुमार श्रेष्ठले बाढीबाट १२ व्यवसायमा क्षति र तीनजना व्यवसायी हराइरहेको जानकारी दिनुभयो। बाढीले विदुर- १, ढुङ्गेमा रहेको सङ्घका अध्यक्ष नवीनकृष्ण राजभण्डारीको घर, मनकामना इन्टरप्राइजेज रहेको पसलको सोरुम र गोदामघर पूर्ण क्षति भएको छ।

त्यसैगरी, विदुर- १, ढुङ्गेमा रहेको सविन राजभण्डारीको माता मनकामना सप्लायर्सको पसल, गोदामघर, विदुर- १, ढुङ्गेमा रहेको प्रेमनाथ लामिछानेको लामिछाने हार्डवेयरको पसल, विदुर- १, ढुङ्गेमा रहेको सञ्जीव थपलियाको इन्द्रायणी ग्याबिन बक्स प्रा.लि.को सोरुम, अफिस र कारखाना, विदुर- १, धोबीखोला, त्रिशूली पुलसँगै रहेको राजु मानन्धरको घर, राज हार्डवेयरको व्यवसाय र गोदाम घर, विदुर- १, त्रिशूलीबजारमा रहेको प्रितम शाक्यको बुबा बेपत्ता, घर, त्रिशूली हार्डवेयर पसल घरको गोदाम, विदुर- ४ सिँचाइमा रहेको राजाराम अधिकारीको गरिमा पाइप उद्योगको कारखाना र गोदामघर, विदुर -५, देवीघाटमा रहेको विरोध खतिवडाको न्यु खतिवडा हार्डवेयरको पसलघर र गोदामघर, विदुर- ५, देवीघाटमा रहेको राममणि घिमिरेको घिमिरे हार्डवेयरको पसलघर र गोदामघर, विदुर- १०, भैँसेबजारमा रहेको उपेन्द्र बुढाथोकीको घर, बागमती ग्याबिन बक्स सप्लायर्सको कारखाना र गोदामघर, विदुर- १०, वेत्रावतीमा रहेको भरत भट्टकी श्रीमती बेपत्ता, उहाँको उत्तरगया हार्डवेयरको पसलघर र गोदामघर पूर्ण रूपमा क्षति भएको छ। विदुर- १०, वेत्रावतीमा रहेको खिलराज भट्टको न्यू बुद्ध हार्डवेयर सप्लायर्सको पसलघर र गोदामघर पूर्ण रूपमा क्षति भएको छ भने बाढीमा परेर सञ्चालक भट्ट हालसम्म बेपत्ता छन्।

## नमस्ते पासाङल्हामु यातायातका १९ बस, १७ चालक बेपत्ता

**विदुर ।** गत भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको हिमबाढीपछि नमस्ते पासाङल्हामु यातायात प्रालिका १९ साना-ठुला बस, १७ चालक र सहचालक बेपत्ता भएका छन्। विध्वंसकारी बाढीमा परी चालक र बस अझै हराइरहेको प्रालिका अध्यक्ष कुलबहादुर खड्गीले जानकारी दिनुभयो।

महाप्रलयकारी बाढीमा हराइरहेका पासाङल्हामु यातायातका बस र इभी माइक्रोबसमा बा.५ ख.८२०१, बा.३ ख.९३०६, बा.प्र.०१-००६ ख.९५८९, बा.प्र.०१-००६ ख.८५६५, बा.प्र.०१-००७ ख.०१९०, बा.५.ख.९०५५, बा.प्र.०१-००६ ख.५२११, बा.प्र.०१-००५ ख.९३५४, बा.५ ख.८७८९, बा.प्र.०१-००५ ख.९५७४, बा.प्र.०१-००६ ख.६२१२, बा.प्र.०१-००६ ख.५२०८, बा.प्र.०१-००५ ख.९४६५, बा.प्र.०१-००५ ख.९५६६, बा.३ ख.९२१७, ना.६ ख.१५२२, बा.४ ख.८८२, बा.४ ख.२३० र बा.३ ख.१९१२ छन्।

त्यसैगरी बाढीमा परी चालक राजकुमार विक, विकास तामाङ, योगेन्द्रबहादुर थापा, वीरबल तामाङ, दीपकबहादुर लामा, ध्रुव भट्ट, माइकल तामाङ, रामकुमारी श्रीमाली, रमेश गजुरेल, प्रकाश कायस्थ र सहचालक रमित ओझा, जगत तामाङ, अमित नेपाली, सुरज लामा, सूर्य बयलकोटी, पूर्ण नगरकोटी र श्रीकृष्ण नेपाली हराइरहनुभएको छ। सवारीसाधनसँगै हराइरहेका यात्रुको यकिन विवरण नआएको प्रालिका उपाध्यक्ष धनबहादुर श्रेष्ठले बताउनुभयो।

## भोटेकोशीको ...

स्थायी संयन्त्र बनाउनुपर्छ । त्यसैगरी, भूउपग्रहबाट निगरानी, स्वचालित मौसम केन्द्रको सञ्चालन, नियमित नदीको जलस्तर मापन, भूकम्पीय निगरानी, एआईमा आधारित जोखिम विश्लेषण तथा एसएमएस साइरन चेतावनीजस्ता संयन्त्रलाई स्वचालित रूपमा एउटै एकीकृत प्रणालीमा जोड्नुपर्छ। भविष्यमा नदी थुनिएको अवस्था पहिचान भएमा प्रभावित बस्तीमा मिनेटमै सूचना पुग्ने प्रणाली निर्माण गर्नुपर्छ।

६. **जलविद्युत् र ऊर्जा संरचनाको पुनः डिजाइन** : त्रिशूली नदी बेसिनमा नेपालको ठुलो ऊर्जा सम्भावना छ। तर, जलविद्युत् आयोजना बनाउँदा अब उत्पादन क्षमता मात्र हेरेर पुग्दैन । प्रत्येक आयोजना तथा सबस्टेसनका लागि सम्भावित अधिकतम बाढी, गेग्रानको बहाब, हिमनदी ताल फुट्ने जोखिम, नदीको बाटो परिवर्तनसम्बन्धी जोखिम, आपत्‌कालीन बन्द गर्ने योजनासमेत अध्ययन गर्न जरुरी देखिन्छ । जलविद्युत् आयोजना, सबस्टेसन र प्रसारणलाइनलाई सम्भावित बाढीको तहभन्दा सुरक्षित उचाइमा राख्ने तथा महत्त्वपूर्ण उपकरणको अतिरिक्त व्यवस्था गर्नुपर्छ। ऊर्जा पूर्वाधार पुनर्निर्माण गर्दा 'बाढी आउँदा पनि प्रणाली पूर्णरूपमा बन्द नहोस्' भन्ने लचिलोपनको सिद्धान्त अपनाउनुपर्छ।

७. **सडक र पुलबारे पुनः सोच्नुपर्ने** : त्रिशूली नदी करिडोरमा सडक र पुल जीवनरेखा हुन् । तर, विपत्‌पछि पुरानै स्थानमा पुरानै संरचना बनाउनु उपयुक्त हुँदैन । अब बन्ने पुलमा पर्याप्त जलप्रवाह क्षमता, भग्नावशेष/गेग्रान बहाब, कटानबाट सुरक्षा र गहिरो जग हुनुपर्छ। नदीको धार परिवर्तन हुन सक्ने सम्भावनालाई समेत डिजाइनमा समावेश गर्नुपर्छ। सडकमा पनि केवल कालोपत्रे गर्ने होइन, भिरालो जमिनको स्थिरीकरण, निकास प्रणाली, टेवा संरचना/जैविक इन्जिनियरिङलाई प्राथमिकता दिनुपर्छ।

८. **विस्थापितको घर र जीवन पुनर्निर्माण** : अस्थायी आवासको व्यवस्था तत्कालीन आवश्यकता हो। तर, अस्थायी टहरा लामो समयसम्म विस्थापित परिवारको स्थायी जीवन बन्नुहुँदैन । प्रभावित परिवारका लागि तीन चरणको योजना आवश्यक छ :

**पहिलो चरण** : तत्कालीन सुरक्षित आश्रय, खाना, पानी, स्वास्थ्य र मनोसामाजिक सहयोग।

**दोस्रो चरण** : अस्थायी/सङ्क्रमणकालीन आवास, विद्यालय, स्वास्थ्य र रोजगारीको पुनर्स्थापना।

**तेस्रो चरण** : सुरक्षित स्थायी आवास, जग्गा व्यवस्थापन, जीविकोपार्जन र सामाजिक पुनर्स्थापना।

विद्यालयमा आश्रय लिइरहेका विस्थापितलाई छिटो सुरक्षित स्थानमा सारेर विद्यालय सञ्चालन गर्नुपर्ने आवश्यकता पनि छ । करिब तीन हजार चार सय ५० विस्थापित विभिन्न विद्यालय तथा सामुदायिक भवनमा आश्रित रहेको प्रारम्भिक विवरण सार्वजनिक भएको थियो।

९. **स्थानीयवासी पुनर्निर्माणको केन्द्रमा** : पुनर्निर्माण काठमाडौँमा बसेर तयार गरिएको योजनाबाट मात्र सफल हुँदैन। स्थानीय बासिन्दा नै आफ्नो भूगोलका सबैभन्दा ठुला जानकार हुन्। कहाँ पहिले नदी बग्थ्यो ? कहाँ पहिरो जान्छ ? कुन बाटो वर्षायाममा बन्द हुन्छ ? कुन ठाउँ सुरक्षित छ ? कुन खोल्सा अचानक ठुलो हुन्छ ? यी स्थानीय ज्ञानलाई वैज्ञानिक तथ्यसँग जोड्नुपर्छ। त्यसैले प्रत्येक प्रभावित स्थानीय तहमा स्थानीय पुनर्निर्माण समिति गठन गरी जनप्रतिनिधि, प्राविधिक, स्थानीय समुदाय, महिला, युवा, व्यवसायी र प्रभावित परिवारको सहभागिता सुनिश्चित गर्नुपर्छ।

१०. **पुनर्निर्माणमा पारदर्शिता** : ठुला विपत्‌पछि ठुलो बजेट आउँछ । ठुलो बजेटसँगै अनियमितताको जोखिम पनि बढ्छ। त्यसैले पुनर्निर्माणमा सबै आयोजना सार्वजनिक गर्ने, लागत र प्रगति अनलाइन राख्ने, लाभग्राहीको नाम सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने, तेस्रो पक्षबाट गुणस्तर परीक्षण गर्ने, स्थानीय तहमा सार्वजनिक सुनुवाइ गर्नेजस्ता व्यवस्था आवश्यक छ। विपत् पीडितको दुःखमाथि विकासको नाममा अर्को आर्थिक विपत् सिर्जना हुनुहुँदैन।

**भोटेकोशीबाट सिक्ने कि बिर्सने**

भोटेकोशीको भेलले हामीलाई धेरै कुरा सिकाएको छ । पहिलो, हिमाल सुरक्षित देखिए पनि सधैँ सुरक्षित हुँदैन । दोस्रो, नदी शान्त देखिए पनि उसको प्राकृतिक शक्ति अनुमान गर्न सकिँदैन । तेस्रो, पूर्वसूचना प्रणाली जीवन र मृत्युबिचको फरक बन्न सक्छ । चौथो, विकासको नाममा जोखिमयुक्त स्थानमा गरिने निर्माण भविष्यको विपत्‌को कारण बन्न सक्छ। तर, सबैभन्दा ठुलो पाठ भनेको पुनर्निर्माणलाई अवसरका रूपमा लिनु हो । हामीले भोटेकोशीलाई केवल एउटा प्राकृतिक विपत्तिको कथा बनाएर छोड्ने हो भने केही वर्षपछि अर्को विपत्‌ले फेरि उही प्रश्न दोहोऱ्याउनेछ। तर, यसपटकको विनाशबाट सिकेर सुरक्षित बस्ती, बलियो पुल, जोखिमप्रतिरोधी सडक, सुरक्षित जलविद्युत् आयोजना, आधुनिक पूर्वसूचना प्रणाली र सक्षम स्थानीय विपत् व्यवस्थापन संयन्त्र निर्माण गर्न सक्यौँ भने भोटेकोशी हुँदै त्रिशूलीमा आएको बाढीको पीडा भविष्यको सुरक्षा प्रणालीको आधार बन्न सक्छ । अहिलेको आवश्यकता राहतपछि राहत होइन, राहतबाट पुनर्स्थापना र पुनर्स्थापनाबाट सुरक्षित पुनर्निर्माणतर्फ जाने स्पष्ट राष्ट्रिय योजना हो। भोटेकोशीले बगाएको घर फेरि बनाउन सकिन्छ । सडक र पुल फेरि बनाउन सकिन्छ। जलविद्युत् आयोजना फेरि निर्माण गर्न सकिन्छ। तर, गुमेको जीवन फर्काउन सकिँदैन । त्यसैले अबको पुनर्निर्माणको प्रत्येक इँटा राख्दा हामीले एउटा प्रश्न सोध्नैपर्छ, 'यो संरचना आजका लागि मात्र बनाउँदैछौँ कि अर्को पुस्तालाई सुरक्षित भविष्य दिनका लागि ?' यदि दोस्रो उत्तर रोज्यौँ भने मात्र भोटेकोशीको यो विनाशले अर्थ पाउनेछ । भोटेकोशीलाई पुनर्निर्माण गरौँ- तर, यसपटक केवल भौतिक संरचना होइन, सुरक्षित र उत्थानशील समाज निर्माण गर्ने गरी गरौँ। *(विदुर-१० गेर्खु, नुवाकोट)*


# भावपूर्ण श्रद्धाञ्जली



जन्म : २०२६/०३/२७

स्वर्गारोहण : २०८३/०५/१७

## स्व. विजेन्द्रकुमार प्रधान

यस ट्रस्टका सदस्य तथा New Organization of New England America का अध्यक्ष नुवाकोट त्रिशूली बजारमा जन्म भई हाल :assachusetts, Boston America मा बसोबास गरेका **विजेन्द्रकुमार प्रधान** ब्रह्मलीन हुनुभएको खबरले हामी स्तब्ध भएका छौँ। शोकको यस घडीमा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौँ। साथै, दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ।

**विमलचन्द्र प्रधान, *अध्यक्ष***
एवम्
**मंगलरामकृष्णगोपाल मेमोरियल ट्रस्ट परिवार**
विदुर- १, त्रिशूलीबजार, नुवाकोट



# नुवाकोट निर्माण व्यवसायी सङ्घ
विदुर, नुवाकोट

## साधारणसभा तथा अधिवेशनको मिति सरेको सूचना !

यस सङ्घको १६औँ साधारणसभा तथा १०औँ अधिवेशन यही भदौ २५ र २६ गते गर्ने गरी सम्पूर्ण तयारी पूरा भएको अवस्थामा भदौ १० गतेको अकल्पनीय तिब्बत हुँदै भोटेकोशी त्रिशूली नदीको महाप्रलयकारी बाढीले गर्दा तोकिएको मिति, समय र स्थानमा अधिवेशन नहुने व्यहोरा सम्पूर्ण नवीकरण गर्नुहुने सदस्यज्यूहरूमा अवगत गराउँदछौँ। साथै, साधारणसभा तथा अधिवेशन अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको छ। भदौ १० गतेको विध्वंसात्मक बाढीमा परी घाइते हुनुभएका सम्पूर्ण दाजुभाइ, दिदीबहिनीको शीघ्र स्वास्थ्यलाभ र ज्यान गुमाउनुहुने सबैको आत्माको चिरशान्तिका लागि कामना गर्दछौँ।

**शैलेन्द्रराज प्याकुरेल** — *अध्यक्ष*
**सुशीलप्रसाद फुयाँल** — *महासचिव*

९८४३६१५७४६/९८४९११४६३५ ९८५१०१६६८२



# हार्दिक समवेदना



स्व. सीता सुनार    स्व. विवश सुनार

यस सङ्घका सदस्य श्री बेगबहादुर सुनारकी श्रीमती **सीता सुनार** तथा छोरा **विवश सुनार**को गत भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको हिमबाढीमा परी असामयिक निधन भएको खबरले हामी स्तब्ध भएका छौँ। शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ। साथै, दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ।

**भीमराज बज्राचार्य, अध्यक्ष**
एवम्
**नुवाकोट सुनचाँदी व्यवसायी सङ्घ परिवार**

## भोटेकोशीले २४ ...

त्रिशूली नदी वारपार गर्न गल्छीदेखि वेत्रावतीसम्म एक्रो ब्रिज आवश्यकताअनुसार जडान गर्न प्राविधिक अध्ययन भइरहेको छ। गल्छी-देवीघाट सडकखण्डको तादी नदीमा एक्रो ब्रिज गत हप्ता जडान भएर सञ्चालन भइसकेको छ । गल्छीदेखि विदुरसम्म सडकमार्ग सञ्चालन भइसकेकाले तराईबाट नुवाकोट खाद्यान्न, निर्माण सामग्री ढुवानीमा सहज भइरहेको छ। त्रिशूली नदी वारपार गर्ने मोटरेबल पुल नहुँदा त्रिशूलीपारि खाद्यान्न पुऱ्याउन समस्या भइरहेको नुवाकोट उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजेन्द्र श्रेष्ठले बताउनुभयो। बाढीले त्रिशूली नदीको सबै पुल बगाए पनि गल्छीको एउटा पुल बाँकी रहेकाले गल्छीबाट पुल तरेर त्रिशूलीपारि हुँदै कोलनीसम्म वैकल्पिक सडकमार्ग जोडिएकाले साना सवारीसाधन र एम्बुलेन्स गुडाउन सहज भएको उहाँले जानकारी दिनुभयो।

चारवटा पक्की पुल पूर्ण रूपमा र एउटा पक्की पुल आंशिक रूपमा क्षति भएपछि धादिङ जिल्लाको सदरमुकामसहित त्रिशूलीपारिका बासिन्दाको दैनिकी कष्टकर बनेको छ। त्रिशूली नदीमाथिको फोस्टार जाने पुल आंशिक र स्यालटार, जहरे, घाटबेँसी फुर्केखोला पुल पूर्ण रूपमा क्षति भएको छ । त्रिशूली नदीका विभिन्न स्थानमा रहेको १७ वटा झोलुङ्गे पुल पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । पुलमा भएको क्षतिका कारण जिल्लाका विभिन्न स्थानीय तहबिचको सडक तथा पैदल आवागमन प्रभावित भएको छ । बाढीले पृथ्वी राजमार्गबाट धादिङबेँसी सदरमुकाम जोड्ने फुर्केखोला-परेवाटारको पक्की पुलसमेत बगाएपछि सदरमुकाम र राष्ट्रिय राजमार्गबिचको नियमित सडक सम्पर्क विस्थापित भएको छ। फुर्केखोला-परेवाटार पुल धादिङका आठ स्थानीय तहसँगै गोरखाका दुई स्थानीय तह तथा मनास्लु पर्यटन पदमार्गतर्फ आवतजावत गर्ने नागरिक र पर्यटकका लागि महत्त्वपूर्ण सडक सम्पर्कका रूपमा रहेको थियो। यो पुल भएर दैनिकजसो करिब दुई सय यात्रुवाहक, एक सय ५० मालवाहक तथा दुई सय ५० देखि तीन सय दुईपाङ्ग्रे र साना सवारीसाधन आवतजावत गर्ने गरेको झुर्केखोलाका स्थानीयको भनाइ छ। यस क्षेत्रसँग प्रत्यक्ष रूपमा दुई लाखभन्दा बढी जनसङ्ख्या प्रभावित भएका छन्।

बाढीले पुल बगाएपछि वैकल्पिक रूपमा प्रयोग भइरहेका कच्ची सडकले नियमित आवागमनको चाप धान्न नसकेको स्थानीय व्यवसायी शुभलाल श्रेष्ठले बताउनुभयो । बर्खायाम, त्यसमाथि कच्ची सडक सवारीचालक र यात्रुले हैरानी खेपिरहेका छन्। त्रिशूली नदी उत्तरतर्फका नागरिकलाई दैनिक खाद्यान्न तथा अत्यावश्यक सामग्रीको आपूर्तिमा समस्या परेको छ। खाद्यान्न, औषधि तथा अन्य दैनिक उपभोग्य वस्तु ढुवानीमा कठिनाइ हुनुका साथै बिरामीलाई स्वास्थ्य संस्थासम्म पुऱ्याउनसमेत समस्या भएको उहाँले बताउनुभएको छ। त्यसैगरी, त्रिशूली नदी दक्षिणतर्फका नागरिकलाई धादिङबेँसी सदरमुकाममा रहेका अड्डा-अदालत तथा अन्य सरकारी सेवाका काममा समस्या परेको छ । सडक सम्पर्क सहज नहुँदा सेवाग्राहीलाई सदरमुकाम पुग्न कठिनाइ भएको र प्रशासनिक तथा न्यायिक कामका लागि हुने नियमित आवतजावत प्रभावित भएको स्थानीय बताउँछन्। पुलको पुनर्निर्माण तथा तत्काल वैकल्पिक व्यवस्था गर्न माग गर्दै धादिङका नागरिकले सामाजिक सञ्जालमा अभियान सञ्चालन गरेका छन्। अभियानमार्फत तत्काल बेलिब्रिज वा अन्य वैकल्पिक पुलको व्यवस्था गरी यातायात सञ्चालन गर्न तथा दीर्घकालीन रूपमा स्थायी पुल पुनर्निर्माणको काम अघि बढाउन माग गरिएको छ।

स्थानीयले चीन सरकारले नेपाललाई उपलब्ध गराएको एक सय मिटर लम्बाइका बेलिब्रिजमध्ये आवश्यक संरचना फुर्केखोला-परेवाटारमा प्रयोग गर्न माग गरेका छन् । स्थानीय अनिल अधिकारीले बाढीपछि राहत तथा उद्धारसँगै क्षतिग्रस्त पूर्वाधारको पुनर्स्थापनालाई पनि प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । 'चीन सरकारले नेपाललाई एक सय मिटर लम्बाइका बेलिब्रिज उपलब्ध गराइसकेको अवस्थामा त्यसलाई ढिलाइ नगरी तत्काल फुर्केखोला-परेवाटारमा प्रयोग गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण होस्,' अधिकारीले भन्नुभयो । उहाँका अनुसार कामलाई प्राथमिकता दिए दसैँअघि नै अस्थायी पुल सञ्चालन गर्न सकिने अवस्था रहेको छ। चाडपर्व नजिकिँदै जाँदा जिल्लामा आवतजावत बढ्ने भएकाले तत्काल वैकल्पिक पुलको आवश्यकता महसुस भएको छ। पुल नहुँदा खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको आपूर्ति, स्वास्थ्य सेवा, बिरामीको ओसारपसार, अड्डा-अदालतका काम तथा अन्य अत्यावश्यक सेवामा थप समस्या हुँदै गएको नीलकण्ठ- ३ का अध्यक्ष राजकुमार श्रेष्ठले बताउनुभयो।

स्थानीयका अनुसार फुर्केखोला पुल पुनर्निर्माण कुनै राजनीतिक दल वा व्यक्तिविशेषको विषय नभई नागरिकको सहज आवागमन, स्थानीय अर्थतन्त्र, अत्यावश्यक सेवा र समग्र जनजीवनसँग जोडिएको साझा सरोकार हो। त्यसैले तत्काल अस्थायी पुलको व्यवस्था गरी आवागमन सञ्चालन गर्न र दीर्घकालीन रूपमा स्थायी पुल पुनर्निर्माणको प्रक्रिया शीघ्र अघि बढाउन सरकार तथा सम्बन्धित निकायसँग माग गरिएको छ। धादिङमा बाढीबाट क्षतिग्रस्त भएका ६ पक्की र १७ झोलुङ्गे पुलको पुनर्निर्माणसँगै आवश्यक स्थानमा तत्काल वैकल्पिक संरचना निर्माण गर्न सकेमा प्रभावित नागरिकको दैनिक जीवन सहज हुने स्थानीयको अपेक्षा छ।

## भदौ : पोहोरको...

जनप्रतिनिधिमूलक निकाय संसद् भवन क्षणभरमै खरानी भए । सरकारी मात्र नभई नेपालमा निजी क्षेत्रको सफलताको मापक मानिने भाटभटेनी सुपर मार्केटदेखि लिएर सवारीसाधनका सोरुम, व्यापारिक प्रतिष्ठान अराजक भिडले खरानी बनायो । ठिक एक वर्षपछि यो भदौमा प्रकृति जुर्मुरायो र भोटेकोशीको लेदोसहितको भीषण बाढीले गाउँका गाउँ बगाएर बालुवाको बगर बनाइदियो। रसुवा, नुवाकोट र धादिङका पूर्वाधार, बस्ती, जनतालाई क्षणभरमै सिध्यायो । मानव सभ्यता र विकासलाई बालुवामुनि दबायो। पोहोरको भदौ मानवनिर्मित विनाशको साक्षी थियो भने यो भदौ प्राकृतिक विपत्तिको । तर, दुवै विनाशको साझा परिणति एउटै बन्यो- अथाह आर्थिक क्षति, राष्ट्रिय पूर्वाधारको विनाश र सर्वसाधारणको अकल्पनीय जीवनगाथाको अवसान।

### पोहोर भष्म बनेको अर्थतन्त्र

वि.सं. २०८२ भदौमा उदाएको 'जेन-जी आन्दोलन'ले नेपालको राजनीतिक र सामाजिक नक्सालाई नै धूलिसात् पाऱ्यो। सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र वर्षौंदेखि गुम्सिएको बेरोजगारी तथा भ्रष्टाचारविरुद्धको आक्रोश जब सडकमा पोखियो, त्यसले हिंसात्मक रूप लियो । संसद् भवन, सिंहदरबारका संरचना, व्यावसायिक भवन, डिपार्टमेन्ट स्टोर र ठूला होटेल आगजनीको सिकार बने। तिनका पुनर्निर्माण कहिले सुरु हुने ठेगान छैन। कसरी हुन्छ, त्यसको कुनै हिसाब र लेखाजोखा पनि छैन । कुन स्रोतबाट तयार हुन्छन् त्यो त झनै अनिश्चयताको भुमरीमा छ। राज्यले तय गरेको प्रारम्भिक लेखाजोखाअनुसार त्यो आन्दोलन र त्यसपछिको तोडफोड तथा आगजनीबाट देशलाई करिब ८४ अर्ब रुपैयाँभन्दा बढीको प्रत्यक्ष भौतिक क्षति पुगेको छ। सार्वजनिक पूर्वाधार मात्र नभई निजी क्षेत्रको अर्बौंको लगानी खरानीमा परिणत भयो। पूर्वाधार मात्र खरानी भएनन्, लगानीकर्ताको मनोबल सोत्तर भयो । तर, विडम्बना खरानीको त्यो थुप्रोमाथि बसेर कुर्सी राख्न सफल सरकारले न त ती असन्तुष्ट युवाका माग सम्बोधन गऱ्यो, न त ध्वस्त अर्थतन्त्रलाई गति दिने कुनै पुनरुत्थानको योजना ल्याउन सक्यो। ८० भन्दा बढी मानिसले ज्यान गुमाए र हजारौं घाइते भए। पोहोरको भदौले सन्देश दिएको थियो- युवा वर्गको सही भावना र मागभित्र घुसेर अवसरको ताकमा रहेका गिरोहलाई समयमै राज्यले पहिचान गर्न नसक्दा इतिहासमा नेपालले कहिल्यै नभोगेको घटना, कहिल्यै सहन नपरेको क्षतिलाई बहन गर्नुपर्ने अवस्था सिर्जना भयो।

### भोटेकोशीमा बिलाएका बस्ती र पूर्वाधार

पोहोरको आगोको खरानी अझै साम्य भइसकेको थिएन, बितेको वर्षको आर्थिक घाउ सिलाउन देश सङ्घर्ष नै गर्दै थियो, तर यो भदौमा अर्को बज्रपात पऱ्यो- प्रकृतिबाट । भोटेकोशी नदीमा आएको प्रलयकारी बाढीले उत्तरी नेपालका रसुवा, नुवाकोट, धादिङ र गोरखालगायतका क्षेत्रमा अभूतपूर्व ताण्डव रच्यो। हिमालको उपल्लो भागमा हिमपहिरो र हिमताल विस्फोटका कारण आएको यो भीषण बाढीले बस्तीका बस्ती सोहोरेर लग्यो। एक हजार तीन सयभन्दा बढी मानिसको मृत्यु भएको पुष्टि भइसकेको छ भने पाँच हजारभन्दा बढी नागरिक अझै बेपत्ता छन्। जलविद्युत् आयोजना, सडक, पुल, विद्यालय र भन्सार कार्यालय बाढीको लेदो र बालुवामुनि पुरिएका छन् । प्रारम्भिक आकलनअनुसार रु. सात खर्बबराबरको भौतिक पूर्वाधार केही घण्टामै बालुवाको बगरमा परिणत भएको छ। पोहोर मानिसले आफ्नै हातले बनाएका संरचनामा आगो लगाएका थिए, यो भदौमा प्रकृतिले मानिसले वर्षौं लगाएर खडा गरेका जलविद्युत् र सडक सञ्जाललाई बगाएर बगर बनाइदियो।

देशले वि.सं. २००७ पछि बनाएका संरचना मात्र नभएर इतिहासद्वारा निर्मित रसुवागढी, वेत्रावतीजस्ता सन्धिस्थलसमेत बालुवाको बगरमा परिणत भएका छन् । यिनको पुनर्निर्माणका लागि सरकारले स्रोत जुटाउन त एक दशकमा पनि सम्भव छैन, पीडितहरूको पुनर्स्थापनासमेत हुन कठिन देखिएको छ । पोहोरको भदौमा सडकमा सल्केको आगो र यो भदौमा नदीले छाडेको बालुवा- यी दुवैले एउटै सत्य उजागर गर्छन्- नेपालको सङ्कट व्यवस्थापन र दूरदर्शी नीति निर्माणको धरातल अत्यन्तै कमजोर छ । पोहोरको आन्दोलनले सुशासन र राजनीतिक सुधारको माग गरेको थियो, तर क्षतिपूर्ति र पुनरुत्थानको प्रक्रिया अझै सुस्त छ। उता, जलवायु परिवर्तनको गम्भीर जोखिममा रहेको नेपालले प्राकृतिक विपत्तिसँग जुध्न जुन स्तरको पूर्वतयारी र बलियो पूर्वाधार निर्माण गर्नुपर्ने हो, त्यसमा राज्य सधैँ चुकेको छ।

### भेन्टिलेटरमा मुलुक

पोहोरको खरानी र यो भदौको बालुवाले नेपालको पहिले नै जीर्ण बनेको अर्थतन्त्रलाई पूरै भेन्टिलेटरमा पुऱ्याइदिएको छ । यसका दुष्परिणाम सिङ्गो देशले भोग्नुपर्नेछ।

**विकास बजेटको साटो क्षतिपूर्ति** : पोहोरको क्षतिपूर्तिको व्यवस्था गर्न नसकेको सरकारका लागि यो वर्षको खर्बौंको क्षति अर्को नराम्रो धक्का हो । अब पूर्वाधार विकासका बजेट पुनरुत्थान र राहतमा मोड्नुपर्नेछ, जसले देशको समग्र विकासलाई वर्षौं पछाडि धकेल्नेछ।

**ऊर्जा सङ्कट र वित्तीय जोखिम** : त्रिशूली, भोटेकोशी करिडोरका दर्जनौं जलविद्युत् आयोजना ध्वस्त हुँदा पुनः लोडसेडिङको कालो छाया मडारिएको छ । निजी क्षेत्रका होटेल, हाइड्रो र सडक पूर्वाधार पुरिएपछि बैंकको खर्बौं रुपैयाँ 'खराब कर्जा'मा परिणत भई वित्तीय प्रणाली नै धराशायी हुने जोखिम बढेको छ।

### व्यापार ठप्प : महँगीको मार

उत्तरी नाका जोडिएका प्रमुख भन्सार र सडक सञ्जाल ठप्प हुँदा राजस्व सङ्कलन सङ्कटमा परेको छ। आयात-निर्यात रोकिँदा बजारमा उपभोग्य वस्तुको अभाव र अचाक्ली मूल्यवृद्धिले सर्वसाधारणको ढाड सेक्ने निश्चित छ। पोहोर खरानी बनेका सपना ब्युँतिन नपाउँदै यो वर्षको बालुवाले नयाँ आशा र सम्भावनालाई पुरिदिएको छ । आन्दोलनको खरानी होस् वा बाढीको बालुवा, दुवै अवस्थामा पिसिने भनेको देशको अर्थतन्त्र र सोझा जनता नै हुन् । अब पनि राज्य र नेतृत्व वर्गले पोहोरको खरानी र यो भदौको बालुवाबाट पाठ नसिक्ने हो भने, यसपटकको भदौपीडितले नै सरकारले अर्को वर्षको भदौ देख्न नपाउने अवस्था सिर्जना गर्न सक्नेछन्।

## आठ स्थानमा अस्थायी ...

विदुरले सार्वजनिक गरेको छ। एक हजार एक सय ६० हेक्टर जमिनमा क्षति भएको छ। रु. तीन अर्ब ५० करोडबराबरको उद्योगमा क्षति भएको नगरपालिकाको अनुमान छ। नगरपालिकामा मात्र २० वटा होल्डिङ सेन्टर सञ्चालन गरेर प्रभावितलाई खाने, बस्ने अस्थायी व्यवस्थापन गरिएको छ।

## बाढीपीडित ...

आवश्यक विवरण सङ्कलन गर्न सम्बन्धित स्थानीय तहमा फाराम पठाइसकिएको पनि मन्त्री तिमिल्सिनाले उल्लेख गर्नुभयो । बाढीबाट भएको प्रारम्भिक क्षति तथा नोक्सानीको मूल्याङ्कन सम्पन्न गरिसके पनि विस्तृत आवश्यकता मूल्याङ्कन कार्य सरकारले जारी राखेको छ। प्राप्त विवरणका आधारमा आवश्यक स्रोत सुनिश्चित गरी प्रभावित क्षेत्रमा पुनर्निर्माण तथा पुनर्स्थापनाका कामलाई तीव्रता दिइने सरकारको योजना छ।

## निर्माणाधीन गल्छी ...

त्रिशूली-मैलुङ ४६ किलोमिटर, दोस्रो खण्ड मैलुङ-स्याफ्रुबेँसी १९ किलोमिटर, तेस्रो खण्ड स्याफ्रुबेँसी-रसुवागढी १७ किलोमिटर छ । कुल ८२ किलोमिटर सडकमध्ये लगभग ४० किलोमिटर सडक निर्माण भइसकेको थियो । निर्माण सम्पन्न भएको ४० किलोमिटरमध्ये गल्छी-त्रिशूली-मैलुङतर्फ २० किलोमिटर सडक पूर्ण रूपमा क्षति भएको छ भने निर्माणाधीन कच्ची अवस्थाको रसुवाको स्याफ्रुबेँसीदेखि रसुवागढी १६ किलोमिटर, मैलुङ-स्याफ्रुबेँसी १९ किलोमिटर सवारी गुड्न नसक्ने अवस्थामा रहेको सडक विभागका उपमहानिर्देशक शुभराज न्यौपानेले बताउनुभयो । नेपाली सेनाको सहकार्यमा देवीघाटमा गत हप्ता जडान भई सञ्चालन भइसकेको एक्रो ब्रिजका लागि प्राविधिक र सामान ढुवानीमा सहयोग गरेको, स्थानीय निर्माण सामाग्री उपलब्ध गराएको आयोजना प्रमुख ओझाले 'त्रिशूली प्रवाह' साप्ताहिकलाई जानकारी दिनुभयो।

बाढीले गल्छीदेखि रसुवागढीसम्म नयाँ, पुरानो र कल्भर्टसहित २२ वटा पुल क्षति भएको सडक विभागले जनाएको छ । तीनवटा कल्भर्ट पुल, १८ वटा नयाँ-पुराना पुल र एउटा बहुबली झरनासँगै निर्माणाधीन पुल विध्वंसकारी बाढीले बगाएको छ । गल्छी-रसुवागढी सडक योजना तीन खण्डमा विभाजन गरी निर्माण भइरहेको थियो । प्रथम खण्ड गल्छी-त्रिशूली-मैलुङ ४६ किलोमिटर, दोस्रो खण्डमा मैलुङ-स्याफ्रुबेँसी १९ किलोमिटर र तेस्रो खण्डमा स्याफ्रुबेँसी-रसुवागढीसम्म १७ किलोमिटर छुट्याएर काम भइरहेको थियो । पहिलो खण्ड सिओभिइसी टुन्डी जेभी रसुवा कन्स्ट्रक्सन प्रालिले ठेक्का लिएर ४६ किलोमिटर लम्बाइमध्ये धेरैजसो कालोपत्रे भइसकेको थियो । सडक विभागका प्रवक्ता न्यौपानेका अनुसार गल्छी-रसुवागढीको कुल ३५ किलोमिटर कालोपत्रे भइसकेको थियो । १९ किलोमिटर लम्बाइको दोस्रो खण्डको काम गर्ने जिम्मा भारत कन्स्ट्रक्सन सिद्धिशाही जेभीले पाएको थियो । यो कम्पनीले सो खण्डको काम वि.सं. २०७९ सम्ममा सक्ने गरी वि.सं. २०७७ साउनमा सम्झौता गरेको थियो। रु. एक अर्ब ४५ करोड लागतमा उक्त खण्ड सक्ने गरी सम्झौता भए पनि करिब रु. ३५ करोडको बिल भुक्तानी लिएपछि वि.सं. २०७८ फागुनदेखि नै कम्पनी सम्पर्कविहीन भयो। त्यसपछि कार्यालयले प्रक्रिया पूरा गरेर सम्झौता खारेज गरी नयाँ ठेक्का लगाउने प्रक्रिया अगाडि बढाएर बाढी आउने भोलिपल्ट ठेक्काको सूचना प्रकाशित गर्ने तयारीमा रहेको थियो । त्यसैगरी, आयोजनाको तेस्रो स्याफ्रुबेँसीदेखि रसुवागढीसम्मको खण्ड चीन सरकारको अनुदानमा बन्ने गरी सम्झौता भएको थियो। १७ किलोमिटरको यो खण्ड निर्माणका लागि चिनियाँ निर्माण कम्पनीले भूकम्प र कोभिडको कारण देखाउँदै काम सुरु नै गरेन । गत वर्ष मात्रै सो खण्डमा काम गर्ने गरी चिनियाँ कम्पनी कार्यक्षेत्र आएको थियो। ६ महिनादेखि काम सुरु गरेको कम्पनीका कामदार निर्माण सामग्री, उपकरण र साइड अफिस सबै भदौ १० गतेको विनाशकारी हिमबाढीले बगाएको छ । १० वर्षअगाडि सडक निर्माणका लागि जग्गा अधिकरण, मुआब्जाबाहेक रु. नौ अर्ब ५० करोडको अनुमानित कुल लागतमा निर्माण सुरु भएको थियो। आयोजनाले सुरुदेखि नै सहज रूपमा काम गर्न नसक्दा अहिले कुल लागत रु. १५ अर्ब ५० करोड पुगेको छ। भारतले वि.सं. २०७२ मा लगाएको नाकाबन्दीका कारण नेपालमा परेको असरपछि तत्कालीन मन्त्रिपरिषद्ले गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक स्तरोन्नति गर्ने निर्णय गरेको थियो। यसको उद्देश्य भारतसँगको एकाधिर व्यापार हटाउनु थियो। वि.सं. २०७३ मङ्सिरदेखि काम सुरु गरिएको यो सडकलाई चीन र नेपालबिचको छोटो दूरीको व्यापारिक मार्गका रूपमा स्थापित गर्ने लक्ष्य लिइएको थियो। ११ मिटर चौडाइको यो सडकको सीमा दायाँबायाँ ३० मिटर तोकिएको छ। बाढीपछि विदुर नगरपालिकाको गँगटे-ढुङ्गे सडक निर्माण हुने र बाँकी गल्छीदेखि रसुवागढीसम्म नयाँ सर्भे गरी बन्ने जानकारी योजना प्रमुख ओझाले दिनुभयो।

## आँसु थाम्दै ...

तलासम्म पसेर पूर्ण रूपमा क्षति भएपछि बिमाका कर्मचारी बोलाएर क्षतिको जानकारी गराई घरमा केही सामान सद्धे छ कि भनेर कामदार लगाएर खोज्न थालेको बताउनुभएको छ। उहाँले भन्नुभयो, 'अहिले घर भएको ठाउँ वरपर बगर बनाएको छ, अब अन्त कतै स्थानान्तरण गरे हुन्थ्यो।' देवीघाटका अर्का व्यवसायी सीता ढकालले भन्नुभयो, 'देवीघाट बजारमा रहेको साढे तीन तलाको घरबाट अधिकांश सामान बगाएकाले खोज्नसमेत मन लागेको छैन।' बाढीले देवीघाट, ढुङ्गे, त्रिशूली, तुप्चे, सोले, भैँसे र वेत्रावती बजारमा कति घर बगाएर लग्यो, कति घर बचेका छन् भन्नेबारेमा यकिन तथ्याङ्क नआएको प्रमुख जिल्ला अधिकारी रेग्मीले जानकारी दिनुभयो। 'बाढीले कति घर बगायो ? कति घरमा क्षति गऱ्यो ? कतिको मृत्यु र बेपत्ता भए ? सबै विवरण वडाले लिइरहेको छ । छिट्टै यकिन विवरण प्राप्त हुनेछ,' उहाँले भन्नुभयो, 'सबै तथ्याङ्क आएपछि मात्र होल्डिङ सेन्टरमा अस्थायी रूपमा बस्ने र आफैँ व्यवस्थापन गरेर बस्नेको विवरण दिन सकिन्छ।' विध्वंसकारी बाढीबाट क्षति भएको यथार्थ विवरण आएपछि स्थानान्तरण र पुनर्स्थापनाको योजना बनाउन सहज हुनेछ।

## रसुवा जोड्न ...

मार्गबाट फलाँखु खोलाबाट विदुर करिब २३ किलोमिटर र धुन्चे करिब ३५ किलोमिटरको दूरीमा पुग्न सकिनेछ। बाढीका कारण रसुवाको सडक सम्पर्क प्रभावित भएका वेला बेलिब्रिज निर्माणले जिल्लामा आवतजावत तथा अत्यावश्यक सामग्रीको ढुवानी सहज बनाउन सहयोग पुग्ने अपेक्षा नागरिक समाज रसुवाका अध्यक्ष बाबुलाल तामाङले गर्नुभएको छ।

## बट्टार सहकारी ...

प्रविधिमैत्री र प्रभावकारी बनाउँदै सदस्यलाई अझ उत्कृष्ट सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। कठिन परिस्थितिमा पनि सदस्यको आर्थिक समृद्धिको भरपर्दो सारथी बन्दै सहकारिताको मर्मलाई अझ आत्मसात् गर्ने संस्थाले बताएको छ।

## बाबुआमा बेपत्ता भएका एक सय बालबालिका होल्डिङ सेन्टरमा

**विदुर ।** गत भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको विनाशकारी हिमबाढीले रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा मृत्यु र बेपत्ता भएका बाबुआमाका एक सय दुईजना बालबालिका अस्थायी आश्रयस्थल (होल्डिङ सेन्टर)मा रहेका छन्।

राष्ट्रिय बालअधिकार परिषद्ले स्थानीय तह, सुरक्षा निकाय र होल्डिङ सेन्टरबाट लिएको विवरणअनुसार बालिका ४९ जना र बालक ५३ जना गरेर कुल एक सय दुईजनालाई राखिएको हो। परिषद्का सूचना अधिकारी रामबहादुर चन्दले बाढीले कति बालबालिका बेपत्ता भएका छन् भन्ने विवरण आउन बाँकी रहेको बताउनुभयो। बाढीमा कुल एक हजार पाँच सयभन्दा बढी बालबालिकाको मृत्यु भएको हुन सक्ने अनुमान उहाँले गर्नुभएको छ।

'बाढी प्रभावित जिल्लाका ३० होल्डिङ सेन्टरमा ६ सय ३२ बालिका र ६ सय एक बालक गरेर कुल एक हजार दुई सय ३३ जना होल्डिङ सेन्टरमा छन् । त्यसमध्ये २१ जना अपाङ्गता भएका छन्,' उहाँले भन्नुभयो, 'अरू बालबालिका बाबुआमासँगै बसेका भए पनि एक सय दुईजना भने बाबुआमा नभएकाले परिवारका अन्य सदस्यको साथमा होल्डिङ सेन्टरमा राखिएको छ।' होल्डिङ सेन्टरमा राखिएका बालबालिकाको पढाइ तत्काल सञ्चालन गर्न अभिभावकले दबाब दिँदै आएका छन्।

## ३४ देशका ६ सय ७ पर्यटक अझै बेपत्ता

**धुन्चे ।** गत भदौ १० गते रसुवाको भोटेकोशी-त्रिशूली नदीमा विध्वंशकारी हिमबाढीमा परेर रसुवा र नुवाकोट क्षेत्रबाट ३४ देशका छ सय सात विदेशी पर्यटक अझै बेपत्ता छन्। पर्यटन विभागका सूचना अधिकारी सुरज घिमिरेले विभिन्न कम्पनीमार्फत कैलाश मानसरोवर र जनैपूर्णिमा मेलाका लागि गोसाइँकुण्ड गएका छ सय सात विदेशी पर्यटक बेपत्ता भएको जानकारी दिनुभयो।

बेपत्ता भएका विदेशी पर्यटकमध्ये दुई सय ६९ पुरूष, तीन सय २९ महिला र नौ लिङ्ग नखुलेका नागरिक छन्। बेपत्ता भएका विदेशी नागरिकमध्ये सबैभन्दा बढी छिमेकी देश भारतका छन्। विभागका अनुसार भारतका एक सय ८९ नागरिक बेपत्ता भएका छन्। त्यसैगरी, हराइरहेको विदेशी नागरिकमा अस्ट्रेलियाका ३३, बेलासका दुई, क्यानडाका ३०, फिनल्यान्डका एक, फ्रान्सका चार, जर्मनीका आठ, हङ्गेरीका एक, आइरिसका दुई, इजरायलका एक, लिथ्वानियाका एक, मलेसियाका ५५, नेदरल्यान्डका दुई जना बेपत्ता भएका छन्।

त्यसैगरी न्युजिल्यान्डका पाँच, पोर्चुगलका दुई, रूसका छ, सिंगापुरका नौ, दक्षिण अफ्रिकाका छ, स्पेनका दुई, युक्रेनका ५४, बेलायतका ३२, अमेरिकाका ६५, जापानका पाँच, फिलिपिन्सका एक, काजकिस्तानका तीन, बेल्जियमका दुई, स्विडेनका एक जना रहेका छन्। त्यस्तै, तालभियाका ३३, स्विट्जरल्यान्डका एक, इटलीका दुई, चीनका ३७, भियतनामका एक, इस्टोनियाका दुई र कोरियाका नौ पर्यटक हराइरहेका छन् । बाढीमा परेर नेपालका एक सय ८८ पर्यटक बेपत्ता भएका हुन्। विभागका अनुसार बेपत्ता हुनेमा एक सय ६१ पुरूष र २७ महिला छन्।

बेपत्ता हुनेमा विदेशी पर्यटकको सहयोगीका रूपमा गएका र कैलाश मानसरोवर तथा गोसाइँकुण्ड घुम्न गएका नेपालीको सङ्ख्या ठुलो रहेको विभागका सूचना अधिकारीले बताउनुभयो। सरकारले विपद्का बिच उद्धार कार्य पनि जारी राखेको छ। हालसम्म तीन सय १० विदेशी पर्यटकको सफल उद्धार गरिएको विभागले जनाएको छ। उद्धार भएकामध्ये दुई सय ५८ पुरूष र ५२ महिला छन्। यसैगरी, बाढीपछि सम्पर्कविहीन भएकामध्ये १३ जना (तीन पुरूष, नौ महिला र एक अन्य) हाल सम्पर्कमा आएका छन् । नुवाकोट र रसुवाका स्थानीय प्रशासन र सुरक्षा निकायले बेपत्ता भएकाको खोजी र राहत कार्यलाई तीव्रता दिइरहेको छ।

## हार्दिक समवेदना



जन्म : २०२५/०७/२५

स्वर्गारोहण : २०८३/०५/१०

यस संस्थाका सेयर सदस्य **हरिबहादुर बोगटी**को गत भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको हिमबाढीमा परी अकल्पनीय असामयिक निधन भएको खबरले हामी स्तब्ध भएका छौँ। शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ। साथै, दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ।

**श्री आदर्श बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**
विदुर- ९, नुवाकोट

## हार्दिक समवेदना



जन्म : १९९५/०३/२५

स्वर्गारोहण : २०८३/०५/२६

**स्व. मिठु रावल**

यस साप्ताहिकका शुभेच्छुक तथा सुखद पाहुना घर विदुरका सञ्चालक श्री ध्रुव रावलकी ममतामयी आमा **मिठु रावल**को असामयिक निधन भएको खबरले हामी स्तब्ध भएका छौँ। शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौँ। साथै, दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ।

त्रिशूली प्रवाह साप्ताहिक

**त्रिशूली प्रवाह साप्ताहिक परिवार**
विदुर- २, सञ्चारचोक, नुवाकोट

# संसद्मा उठ्यो त्रिशूली अस्पतालको समस्या र बेलिब्रिजको आवश्यकता

**काठमाडौं ।** प्रतिनिधिसभाको बैठकमा गत भदौ १० गते भोटेकोशी/त्रिशूली नदीको हिमबाढीका कारण नुवाकोटको विदुर- ९, कोलनीस्थित त्रिशूली अस्पताल प्रभावित भएकाले तत्काल विद्युत् आपूर्ति, डिजेल व्यवस्थापन र त्रिशूली नदीमा बेलिब्रिज निर्माण गर्न प्रतिनिधिसभा सदस्य डा. ओजस्वी शेरचनले सरकारसँग माग गर्नुभएको छ।




शुक्रबार सिंहदरबारमा बसेको प्रतिनिधिसभा बैठकमा बोल्दै शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिकी सभापतिसमेत रहनुभएकी शेरचनले विदुर-कोलनी जोड्ने पक्की पुल भत्किएपछि विदुर, बेलकोटगढी, लिखु, सूर्यगढी, दुप्चेश्वर, शिवपुरी तथा रसुवाबाट दैनिक बिरामी अस्पताल आउन नसक्ने अवस्था सिर्जना भएको बताउनुभयो । उहाँले जटिल बिरामी तथा गर्भवती महिलालाई अन्यत्र रिफर गर्न तुइन वा हेलिकोप्टरको भर पर्नुपर्ने अवस्था रहेको जानकारी प्रतिनिधिसभालाई दिनुभयो । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु)का अनुसार शल्यक्रिया भइरहेकै समयमा विद्युत् आउने-जाने समस्या रहेको र ब्याकअप जेनेरेटर सञ्चालनका लागि डिजेलको चरम अभाव रहेको छ। उहाँले यस्तो अवस्था बिरामीको जीवनसँग प्रत्यक्ष जोडिएको अत्यन्त संवेदनशील विषयमा तत्काल सरकारको ध्यान जाओस् भन्नुभयो । उहाँले त्रिशूली अस्पतालमा विद्युत् आपूर्ति सुनिश्चित गरी जेनेरेटर सञ्चालनका लागि तत्काल डिजेल उपलब्ध गराउन तथा विदुर-कोलनी जोड्ने बेलिब्रिज निर्माणलाई उच्च प्राथमिकताका साथ अघि बढाउन सरकारसँग माग गर्नुभयो । आपत्कालीन अवस्थामा अस्पतालको सेवा अवरुद्ध हुनु स्वास्थ्य सेवा मात्र नभई मानवीय जीवन नै जोखिममा पर्नु भएको सांसद शेरचनले बताउनुभयो ।

# तेस्रो आँखा

*म डाक्डर अत्युत्तम मान्य । पोहोर पोर्चुगोलका क्रिस्टियानो रोनाल्डोलाई लाइटाङको पानी खुवाउने भनेर चुनाव जितियो, आखिर गफै मात्र भयो । नुवाकोटे जनताले सोधेको सोध्यै छन्, जवाफ दिन नसकेर हत्तु भइयो भन्या । मन्त्री भा भै, जान्या थैं अर्को डाक्डरले खाइदियो, अर्को साल त अनेक तिकडम गरेर नि हुनुपऱ्या छ । यसपालि भदौको बाढीले आफूलाई राजधानीबाट बाहिरै निक्लन दिएन, क्यारूँ । आफूलाई मान्य भएसि कस्ता-कस्ता काम गर्नु छ, जनता भने किन जिल्ला टेकिनस् भनी टोक्या-टोक्यै छन् । कुन साइतैं मान्य भइएछ भन्या । त्यो बबिताकुमारी पासवान भन्नेले किन सडकैं बच्चा पाउनुपरेको होला ? सर्कार असफल बनाउने षड्यन्त्रै हो यो । त्यसको लोग्नेले गोजीमा दुई हजार रुपे बोकेर सुत्केरी बनाउन सक्छ ? कम्तीमा नि एक लाख त बोक्नुपर्छ नि । महिलाको प्रसव वेदना मैले पनि बुझेको छु, के सोचेको तिनले ? यो काममा बबिता र हेमराजलाई कसैले प्रयोग गरेको हुनुपर्छ, बुझ्नुभो ? मलाई धेरै नजिस्क्याऔ, अब पोर्चुगल गएर त्यो रोनाल्डोलाई जसरी नि ल्याएर छाड्छु । म त बालेनसँग समन्वय गर्ने मान्छेलाई बडो फिल्डमा खोज्ने भाका । पख, अब बाढीपीडितको उद्धार, राहत, पुनर्स्थापनाका लागि सामाखुसीको मिटिङमा सबलाई बोलाउँछु, को पो नआउँदा रेछन्, म पनि हेर्छु नि । म त खेल, खेलाडीको पो डाक्डर, के सोच्या छन् तिनले ? खेल कसरी खेल्नुपर्छ, मैले जान्या छ । म त मान्य अतिउत्तम, भारेभुरे होइन ।*




# रसुवा जोड्न फलाँखुमा बेलिब्रिज निर्माण प्रक्रिया सुरु

**❑ सरस्वती न्यौपाने**

**धुन्चे ।** गत भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको विनाशकारी हिमबाढीका कारण रसुवा सडक सञ्जालबाट विच्छेद भएको छ। रसुवा र नुवाकोट जोड्ने वेत्रावतीमा रहेको दुईवटा मोटरेबल पुल बाढीले बगाएपछि आवतजावत तथा सामान ढुवानीमा समस्या भइरहेको छ। समस्या समाधान गर्न नुवाकोट-रसुवा जोड्ने वैकल्पिक मार्ग निर्माणसँगै फलाँखु नदीमा बेलिब्रिज निर्माण प्रक्रिया अघि बढाइएको छ।

पूर्वाधार विकास मन्त्रालयका अनुसार नुवाकोटको सूर्यगढी- २, तल्लो कुवापानी बिमिरेखोलादेखि रसुवाको नौकुण्ड- ५, वहाखोलासम्म फलाँखु नदीमा ७५ मिटर लामो बेलिब्रिज निर्माण गर्न लागिएको हो । सम्बन्धित पालिका अध्यक्षको अनुरोधअनुसार बेलिब्रिज निर्माणका लागि मन्त्रालयले आवश्यक निर्देशन तथा सहजीकरण गरिरहेको जानकारी दिएको छ । बेलिब्रिज निर्माण सम्पन्न भएपछि नुवाकोट र रसुवालाई जोड्ने छोटो वैकल्पिक मार्ग तयार हुने मन्त्रालयले जनाएको छ। उक्त

... बाँकी ५ पेजमा

# बट्टार सहकारी ३०औं वर्षमा प्रवेश



**विदुर ।** नुवाकोट जिल्लाको अग्रणी वित्तीय संस्था बट्टार सहकारी संस्था लिमिटेड, विदुर- ४, बट्टार मंगलबारदेखि ३०औं वर्षमा प्रवेश गरे पनि विषम परिस्थितिलाई मध्यनजर गर्दै वार्षिकोत्सव औपचारिक उत्सव वा समारोहविना सामान्य पूजापाठ गरी मनाइएको छ। तीन दशक पूरा गरेको सहकारीले गत भदौ १० गते भोटेकोशी-त्रिशूलीमा आएको विध्वंसकारी हिमबाढी तथा विभिन्न प्राकृतिक प्रकोपका कारण सिर्जना भएकाले सदस्यको भौतिक सुरक्षा, हित र समुदायप्रतिको उत्तरदायित्वलाई सधैं पहिलो प्राथमिकतामा राख्दै विपत्को यस कठिन घडीमा तिनका सुखदुःखमा साथ दिनु मुख्य धर्म रहेको महसुस गरेको संस्थाका अध्यक्ष टलकमान श्रेष्ठले बताउनुभयो ।

भविष्यका योजनाप्रति प्रतिबद्धता व्यक्त गर्दै संस्थाले आगामी दिनमा आफ्नो सेवालाई अझ बढी सुरक्षित, समयसापेक्ष,

... बाँकी ५ पेजमा







